गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
पोखरा, नेपाल

प.सं. २०८०/०८१
च.न. 69

मितिः २०८०/०६/०२

श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू सबै।

विषयः सूचना प्रकाशित गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस निर्देशनालयको आ. व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रमहरूको सूचना प्रकाशन भएको हुँदा तहाँ कार्यालयहरूले कार्यक्रम प्राभावकारी बनाउनका लागि यो सूचना कृषकसम्म प्रचार प्रसार गरी सहयोग गरिदिनुहुन अनुरोध छ। साथै सूचना यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारी गराईन्छ।

तपसिलः

| क. स. | कार्यक्रमको नाम |
|---|---|
| १ | पशु कल्याण सहयोग कार्यक्रम |
| २ | कोल्ड रुम स्थापन कार्यक्रम |

2080/06/02
नि. महानिर्देशक

फोन नं.: (०६१) ५२०४५४, (०६१) ५२८८२४ फ्याक्स् नं.: (०६१) ५२७५८५ E-mail: dlfd.gandaki@gmail.com

कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
पोखरा, नेपाल।

# प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०६/०२

यस निर्देशनालयको आ. व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रमहरू कार्यान्वयनको लागि आवश्यक कागजात सहित साझेदारी गर्न ईच्छुक आवेदकहरूबाट प्रस्ताव पेश गर्न यस निर्देशनालय वा जिल्ला स्थीत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूमा सम्बन्धित कार्यक्रमहरुको मापदण्डहरूमा तोकिएका ढाँचा अनुसार सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र प्रस्ताव दर्ता गर्नुहुन सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचनामा प्रकाशित कार्यक्रमहरुको कार्यक्रम सञ्चालनको मापदण्डमा व्यवस्था भएको आवेदकको योग्यताका साथै पेश गर्नुपर्ने कागजातहरू नभएमा तथा रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| क. सं. | कार्यक्रमको नाम | आवेदक | साझेदारी प्रतिशत | साझेदारी हुने रकम | आवश्यक मापदण्डहरू |
|---|---|---|---|---|---|
| १ | पशु कल्याण सहयोग कार्यक्रम | समूह/समिति/सहकारी/संघ /संस्था/स्थानीय तह | बढिमा ९० | बढिमा रु १० लाख | पशु कल्याण प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ |
| २ | कोल्ड रुम स्थापन कार्यक्रम | पशुपन्छी जन्य उत्पादन बजारीकरण सँग सम्बन्धि सहकारी/कृषक समूह/कृषि उपज बजार संचालनक समिति वा कृषि फर्म/ कम्पनी | बढिमा ५० | बढिमा रु १० लाख | कोल्ड स्टोर/ कोल्ड रुम निर्माण कार्यक्रम संचालन मापदण्ड, २०७७ |

आवश्यक कागजातहरू:

क) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को अनुसूची-३ अनुसारको निवेदक।
ख) सम्बन्धित कार्यक्रमहरुको कार्यक्रम सञ्चालन मापदण्ड अनुसारको आवेदन फारम र संक्षिप्त कार्याजना।
ग) आवेदकको दर्ता प्रमाण पत्र र PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि।
घ) गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
ङ) नवीकरण गर्नुपर्ने भएमा नवीवरण प्रमाणपत्रको प्रतिलिपि।
च) समूह/समिति/सहकारी/सघं/संस्थाको हकमा संचालक समितिको बैठक निर्णयको प्रतिलिपि।
छ) सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूको सिफारिस।
ज) प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करारमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि।
झ) निर्माण कार्यको हकमा लागत अनुमान डिटेल कस्ट डिजाइन ड्रविङ र लागत तथा अनुमानको विस्तृत डिजाइन सरकारी/सिभिल इन्जिनियरबाट गराइएको हुनुपर्ने।
ञ) अघिल्ला दुई आर्थिक वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।
ट) सामाजिक धार्मिक तथा पर्यावरणमा असर वा क्षति नगर्ने प्रतिवद्धत पत्र।

*प्रस्तावको ढाँचा तथा कार्यक्रम कार्यान्वयन कार्यविधि र मापदण्ड निर्देशनालयको वेभसाईट dlfd.gandaki.gov.np वा मन्त्रालयको वेभसाईट www.molmac.gandaki.gov.np बाट डाउनलोड गर्न सकिन्छ।*

जानकारीको लागि: ईमले dlfd.gandaki@gmail.com सम्पर्क नं. ०६१-५२०४५४

२०८०/०६/०२
नि. महानिर्देशक